# डिप्रोक्स लघुवित्त विकास बैंक लिमिटेड

भरतपुर, चितवन

**फोन नं. : ०५६५२७९००, फ्याक्स ०५६५२३०५६**

लेखा परीक्षण नभएको वित्तीय नतिजा

आर्थिक वर्ष २०७४।०७५ को दोश्रो त्रैमासको वित्तीय विवरण

| क्र.स. | पुंजी तथा दायित्व | यस त्रैमास २०७४ पौष | गत त्रैमास २०७४ आश्विन | गत आ.व. २०७३ पौष |
|---|---|---|---|---|
| **१** | **कूल पुंजी तथा दायित्व** | **६,९७५,३८४,८०५।०८** | **६,५२४,८४४,५७५।८७** | **५,२०६,५२१,०२६।८७** |
| १.१ | चुक्ता पुंजी | ७०३,१००,४०१।७५ | ६०६,१२१,०३५।७५ | २५७,९२३,८४५।०० |
| १.२ | जगेडा तथा कोषहरू | ३९५,६८२,७२९।८१ | ६५४,८५६,२१३।४१ | ५९०,५३६,१०२।११ |
| १.३ | ऋणपत्र तथा बण्ड | - | - | - |
| १.४ | सापटी | ३,४६९,५४२,६४८।६६ | ३,२३१,१५०,०७५।७९ | २,७८८,२७७,१४१।८५ |
| १.५ | निक्षेप दायित्व | *१,९७९,३४९,२६०।००* | *१,८०९,४४१,११७।००* | *१,३९६,३६५,७३३।००* |
| १.५.१ | समुहगत | १,९७९,३४९,२६०।०० | १,८०९,४४१,११७।०० | १,३९६,३६५,७३३।०० |
| १.५.२ | सर्वसाधारण | - | - | - |
| १.६ | आयकर दायित्व | ४८,१३२,९२५।०० | २३,२०५,२९५।०० | - |
| १.७ | अन्य दायित्व | ३७९,५७६,८३९।८६ | २००,०७०,८३८।९२ | १७३,४१८,२०४।९१ |
| **२.** | **कूल सम्पत्ति** | **६,९७५,३८४,८०५।०८** | **६,५२४,८४४,५७५।८७** | **५,२०६,५२१,०२६।८७** |
| २.१ | नगद तथा बैंक मौज्दात | २४६,८९६,९३९।६३ | ३२१,९९०,२८०।१२ | २४७,२५०,२२८।८१ |
| २.२ | माग तथा अल्पसूचनामा प्राप्त हुने रकम | - | - | - |
| २.३ | लगानी | २,०१०,०००।०० | २,०१०,०००।०० | २,०१०,०००।०० |
| २.४ | कर्जा तथा सापट | ६,४२७,२९८,०४९।४३ | ५,८९०,०४३,३२५।०० | ४,६९१,२९५,५४०।०० |
| २.५ | स्थिर सम्पत्ति | २५,४३६,२८३।२२ | २२,८३२,६५६।६४ | २०,१०६,८४७।९७ |
| २.६ | गैर बैंकिङ सम्पत्ति | - | - | - |
| २.७ | अन्य सम्पत्ति | २७३,७४३,५३२।८० | २८७,९६८,३१४।११ | २४५,८५८,४१०।०९ |
| **३** | **नाफा नोक्सान हिसाव** | **यस त्रैमास २०७४ पौष** | **गत त्रैमास २०७४ आश्विन** | **गत आ.व. २०७३ पौष** |
| ३.१ | व्याज आम्दानी | ५२२,१०६,०३२।२६ | २५९,४८०,१२२।३६ | ४१५,२५५,५७०।६१ |
| ३.२ | व्याज खर्च | २२८,५८६,०३१।१४ | १११,११७,४३४।५७ | ११०,०७९,४१२।९३ |
| **क.** | **खूद ब्याज आम्दानी** | **२९३,५२०,००१।१२** | **१४८,३६२,६८७।७९** | **३०५,१७६,१५७।६८** |
| ३.३ | फि, कमिशन र डिस्काउण्ट | - | - | - |
| ३.४ | अन्य सञ्चालन आम्दानी | ४९,९८६,६२८।६९ | २३,६४८,०९०।५४ | ३८,११९,५१२।४७ |
| **ख** | **कूल सञ्चालन आम्दानी** | **३४३,५०६,६२९।८१** | **१७२,०१०,७७८।३३** | **३४३,२९५,६७०।१५** |
| ३.५ | कर्मचारी खर्च | ११८,१६६,५१३।३४ | ६६,९२०,२५१।५१ | ८०,५२०,५५७।३२ |
| ३.६ | अन्य सञ्चालन खर्च | ३१,८६७,२२१।८७ | १४,८४९,४९१।८४ | २५,८८७,२०२।०९ |
| **ग** | **नोक्सानी ब्यवस्था अघिको सञ्चालन नाफा** | **१९३,४७२,८९४।६०** | **९०,२४१,०३४।९८** | **२३६,८८७,९१०।७४** |
| ३.७ | सम्भावित नोसानी व्यवस्था | ४७,९०५,४४६।०० | २०,५८०,८७९।०० | ३७,७४६,४०९।०० |
| **घ** | **सञ्चालन नाफा** | **१४५,५६७,४४८।६०** | **६९,६६०,१५५।९८** | **१९९,१४१,५०१।७४** |
| ३.८ | गैर सञ्चालन आम्दानी/खर्च (खुद) | - | - | - |
| ३.९ | सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता | ३०,८८२,१२७।०० | १५,४१३,९०८।०० | ३१,८३९,७६७।०० |
| **ङ** | **नियमित कृयाकलापबाट नाफा** | **१७६,४४९,५७५।६०** | **८५,०७४,०६३।९८** | **२३०,९८१,२६८।७४** |
| ३.१० | असामान्य कारोवारबाट भएको आम्दानी/खर्च (खूद) | ३७,८१५।०० | १२,०१९।०० | ५१,०४६।०० |
| **च** | **बोनस र कर अघिको नाफा** | **१७६,४८७,३९०।६०** | **८५,०८६,०८२।९८** | **२३१,०३२,३१४।७४** |
| ३.११ | कर्मचारी बोनस ब्यवस्था | १६,०४४,३०८।०० | ७,७३५,०९८।०० | २१,००२,९३८।०० |
| ३.१२ | आयकर व्यवस्था | ४८,१३२,९२५।०० | २३,२०५,२९५।०० | ६३,००८,८१३।०० |
| **छ** | **खूद नाफा/नोक्सान** | **११२,३१०,१५७।६०** | **५४,१४५,६८९।९८** | **१४७,०२०,५६३।७४** |
| **४** | **अनुपातहरू** | **यस त्रैमास २०७४ पौष** | **गत त्रैमास २०७४ आश्विन** | **गत आ.व. २०७३ पौष** |
| ४.१ | पुँजीकोष / जोखिम भारित सम्पत्ति | १६।०९ | २१।०२ | १७।६५ |
| ४.२ | निष्कृय कर्जा/ कूल कर्जा | ०।८१ | ०।५८ | ०।७७ |
| ४.३ | सम्भावित नोसानी ब्यवस्था/ कूल निष्कृय कर्जा | १९१।८८ | २५६।७९ | १८३।७३ |
| ४.५ | पुँजीको लागत | ९।४० | ९।४५ | ६।९५ |
| ४.६ | निक्षेप कर्जा अनुपात | ३०।३२ | ३०।२७ | २९।३५ |

नोटः सुपरिवेक्षण गर्ने निकाय तथा बाह्य लेखा परिक्षकले थप/घट गर्न निर्देशन दिएमा परिष्कृत वित्तीय विवरणमा फरक पर्न सक्नेछ ।

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ नियम २६ उपविनियम (१)संग सम्बन्धित अनुसुची १४ बमोजिमको**
**डिप्रोक्स लघुवित्त विकास बैंक लिमिटेडको आ.व. २०७४/०७५ को दोश्रो त्रैमासिक बिवरण**

**१. प्रमुख वित्तीय बिवरण :**

**क. त्रैमासिक अवधिको वासलात, नाफा-नोक्सान हिसाब सम्बन्धी बिवरण** यस बैंकको वासलात, नाफा-नोक्सान सम्वन्धि बिवरण यसैसाथ प्रकाशित गरिएको छ।

**ख. न्यूनतम रूपमा प्रमुख वित्तीय अनुपातहरू निम्न बमोजिम रहेको छ ।**

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी (वार्षिकीकरण) | ३१।९४ | प्रति शेयर खुद किताबी मुल्य | १५६।२८ |
| प्रति शेयर बजार मूल्य | ८५६।०० | प्रति शेयर कुल सम्पतिको मुल्य | ९९२।०९ |
| मुल्य आम्दानी अनुपात | २६।८० | तरलता अनुपात | ४।५३ |

**२. ब्यवस्थापकीय बिश्लेषण :**

**क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी बिवरणः** बैंकको व्यवसायिक योजना तथा लक्ष्य अनुरूप प्रगति सन्तोषजनक रहेता पनि अघिल्लो आ.व.को सोही अवधिको तुलनामा यस अवधिमा कर्जाको ब्याजदरमा भएको संकुचन तथा कोष लागत दरमा भएको बृद्धिले खुद ब्याज आम्दानी घट्न गएको छ । जसको कारण गत आ.व. को सोही अवधिको खुद नाफाको तुलनामा समिक्षा अवधिको खुद नाफा रकममा कमी हुन गएको छ । वित्तीय क्षेत्रमा देखा परेको तरलताको असर यस बैंकको तरलतामा समेत परेकोले विगत अवधिमा भन्दा केहि संकुचन आएको छ ।

**ख. आगामी अवधिको ब्यवसायिक योजना सम्बन्धमा ब्यवस्थापनको विश्लेषणात्मक बिवरण** : राष्ट्रियस्तरको यस लघुवित्त विकास बैंकले हाल सम्म ६३ वटा जिल्लामा ९८ शाखामार्फत लघुवित्त सेवा प्रदान गरिरहेको र लघुवित्त सेवा नपुगेका क्षेत्र तथा जिल्लाहरूलाई प्राथमिकतामा राखी आ.व.०७४/७५ भित्र थप ६ वटा नयाँ शाखा कार्यालयहरू खोली सो मार्फत लघुवित्त सेवाहरू उपलब्ध गराईने छ। बैंकलाई वित्तीय श्रोतमा आत्मनिर्भर बनाउन सदस्यहरूबाट वचत परिचालन गर्ने नीतिलाई अझ बढी प्रभावकारी बनाउन उपयुक्त रणनीति बनाई लागु गरिनेछन्। बैंकद्वारा प्रदान गरिने लघुवित्त सेवाहरूलाई विविधिकरण गर्न सम्बन्धित सेवाप्रदायकहरूसंगको सहकार्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विप्रेशण सेवा तथा लघुबीमा सम्वन्धि सेवाहरू संचालन गरिनेछन् । हाल संचालनमा रहेको Banking Software लाई आधुनिक किसिमको Online Software बाट प्रतिस्थापन गरी सहज तथा भर पर्दो ब्यवस्थापन सूचना प्रणालीको विकास गरिने छ । दातृ निकाय र अन्य संघ संस्थाहरूको सहयोग तथा सहकार्यमा यस बैंकसंग आवद्ध सदस्यहरूको व्यवसायिक क्षमतामा अभिबृद्धि गर्ने र कर्मचारीहरूको कार्यकुशलतामा सुधार ल्याउन आवश्यक पहल गरिनेछ ।

यस त्रैमासको अन्त्य सम्ममा बैंकले हासिल गरेको लक्ष्य तथा प्रगति निम्नानुसार रहेका छन् ।

| बिवरण | यस आ.व.२०७४।०७५ | |
|---|---|---|
| | वार्षिक लक्ष्य | यस त्रैमास सम्मको प्रगति |
| कुल सदस्य संख्या | १,६७,३२४ | १,४३,२३३ |
| लगानीमा रहेको कर्जा (रू.हजारमा) | ७,८२,३७,४३ | ६,५२,८६,०० |
| कुल बचत तथा निक्षेप (रू.हजारमा) | २,७९,२३,५९ | १,९७,९३,४९ |

**ग. बिगतको अनुभवबाट संगठित संस्थाको मौज्दात नाफा वा नगद प्रवाह मा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धि विश्लेषणात्मक बिवरण** : बाणिज्य बैंकहरूबाट लघुवित्त संस्थाहरूलाई प्रदान गरिने थोक कर्जामा लागत आधार दरमा प्रिमियम जोडी कायम गरिएको ब्याजदरको कारण कोष लागत दरमा भएको अत्यधिक बृद्धि र लघुवित्त सस्थाहरूले प्रदान गर्ने कर्जाको ब्याजदरमा नेपाल राष्ट्र बैंकको निर्देशन अनुरूप भएको संकुचनले संस्थाको मुनाफामा गहिरो असर परेको छ । बाह्य वित्तीय श्रोतको पहुँचमा संकुचन, लघुवित्त संस्थाहरूमा देखिएको कर्जा दोहोरोपना र सोको उपयोगितामा देखिएका समस्याहरू आदिका कारणहरूले प्रक्षेपित आम्दानीमा संकुचन हुन गई बैंकलाई असर परेको छ, तथापि बैंकले तय गरेको कार्यनीतिका आधारमा बैंक ब्यवस्थापनले उपलब्ध स्रोत र साधनको उच्चतम प्रयोग गर्न सकेका कारण गम्भीर समस्या ब्यहोर्नु परेको छैन ।

**३. कानुनी कारवाही सम्वन्धि बिवरण** :यस त्रैमाससम्ममा यस बैंक तथा यसका सञ्चालकहरू माथि कानुनी कारवाही सम्वन्धि कुनै मुद्दा दायर भएको जानकारी छैन।

**४. संगठित संस्थाको शेयर कारोवार सम्वन्धि बिश्लेषण :**

**क. धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्बन्धमा ब्यवस्थापनको धारणाः** यस बैंकको शेयर कारोवारमा समय समयमा उतार चढाव देखिए तापनि धितोपत्र बजारको हालको अवस्थामा शेयरको कारोवार सन्तोषजनक रहेको छ।

**ख. त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम , अन्तिम मूल्य, कारोवार भएको कूल दिन तथा कारोवार संख्याः** यस त्रैमासिक अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन र कारोवार संख्या निम्न बमोजिम छ । ( नेपाल स्टक एक्सचेन्जको वेबसाईटमा आधारित)

| अधिकतम मूल्य : | न्युनतम मूल्य : | अन्तिम मूल्य : | कारोवार भएको कुलदिन | कारोवार संख्या | शेयर संख्या |
|---|---|---|---|---|---|
| रू.१,२७४।०० | रू.८३०।०० | रू.८५६।०० | ५७ | १,३१० | १,३२,३६७ |

**५. समस्या तथा चुनौती :**

**क.** संख्यात्मक रूपमा बृद्धि भएको लघुवित्त संस्थाहरूको शाखा बिस्तारले हुने अस्वस्थ प्रतिस्पर्धा,
**ख.** वित्तीय बजारमा तरलताको अभाव,
**ग.** कोष लागतका साथै संचालन खर्चमा हुने बृद्धि
**घ.** कमजोर भौतिक पुर्वाधार तथा आधुनिक ब्यवस्थापन सुचना प्रणालीको अभाव
**ङ** अप्रत्यासीत रूपमा सृजना हुन सक्ने प्रतिकुल अवस्था ।

**६. संस्थागत सुशासनः** बैंकको संस्थागत सुशासनका लागि कम्पनीको संचालक समिति, लेखापरीक्षण समिति, जोखिम ब्यवस्थापन समिति कर्मचारी सेवा सुविधा समिति, सम्पति शुद्धिकरण अनुगमन समिति, सम्पत्ति दायित्व ब्यवस्थापन समिति, कर्मचारि पदपुर्ति समिति, कर्जा असुली इकाई लगायत बिभिन्न आन्तरिक समिति तथा उप-समिति निर्माण गरी सो मार्फत बैंकको ब्यावसायिक योजना, तथा कार्यक्रमको तर्जुमा गरी सोही बमोजिम कार्य सम्पादन गर्ने/गराउने, मुल्यांकन गर्ने र कार्य हुदै आईरहेको छ । नेपाल राष्ट्र बैंकबाट लघुवित्त संस्थाहरूलाई जारी गरिएको निर्देशनहरूको साथै बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३, कम्पनी ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३ लगायत अन्य सम्बन्धित ऐन र कानुनको पालना गरिनुका साथै आवश्यकता अनुसार बैंक स्तरमा अन्य नीति तथा नियमहरू बनाई लागु गरिएका छन् ।

**७. सत्य तथ्यताको सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः** आजको मितिसम्ममा यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरूको शुद्धता सम्वन्धमा म ब्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित बिवरणहरू सत्य, तथ्य र पूर्ण भएको साथै लगानीकर्ताहरूलाई सुसूचित भई निर्णय लिन आवश्यक कुनै बिवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।